AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मितिः २०८० मंसिर ०६

**सर्कुलर ५ !!!**

## विषय : ३२ औं साधारण सभामा सहभागिताका लागि महत्त्वपूर्ण जानकारी।

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको बत्तिसौं साधारण सभामा सहभागी हुनुहुने सबै समूह र युथ नेटवर्कका प्रतिनिधि तथा व्यक्तिगत/समर्थक सदस्य प्रतिनिधिज्यूहरू,

एम्नेस्टी इन्टरनेसनल नेपालको ३२ औं साधारण सभा (32nd AGM) **मिति २०८० मंसिर १५ र १६ गते (२०२३ डिसेम्बर १ र २) दाङको घोराही उपमहानगरपालिकामा** आयोजना हुने स्थान, सचिवालयको कार्यालय रहने स्थान र सम्पर्क विवरण तपसिल बमोजिम रहेको व्यहोरा जानकारीका लागि यो परिपत्र प्रेषित गरिएको छ।

एम्नेस्टी इन्टरनेसनल नेपालको ३२ औं साधारण सभा (32nd AGM) को उद्घाटन सत्र **२०८० मंसिर १५ गते दिउँसो ३:००** बजे आयोजना हुनेछ। तसर्थ सम्पूर्ण प्रतिनिधि तथा पर्यवेक्षकहरूलाई **२०८० मंसिर १५ गते दिउँसो २:००** बजेभित्र घोराही उपमहानगरपालिकास्थित होटल माला इन**मा** आइपुग्ने गरी आफ्नो यात्राको योजना बनाउनका लागि अनुरोध गरिन्छ।

### १. सचिवालय रहने स्थान

**होटल माला इन, घोराही, दाङ**

**होटल माला इन** पूर्व पश्चिम राजमार्गको लमहीस्थित अर्जुन खोला पुलबाट २३ किलोमिटर उत्तरमा पर्दछ र त्यहाँबाट करिब आधा घण्टाको बस यात्रामा पुग्न सकिनेछ। नेपालको पूर्व र पश्चिम दुवैतर्फबाट यात्रा गर्नुहुने प्रतिनिधि तथा सहभागीहरूलाई हामी अर्जुन खोलाकै बाटो हुँदै घोराही आउन अनुरोध गर्दछौं। कैलाली, कञ्चनपुर, बर्दिया, बाँके, सुर्खेत र जाजरकोट लगायतका क्षेत्रबाट पाल्नुहुने प्रतिनिधिज्यूहरूले तुलसिपुर आउने बसमा भन्दा घोराही नै आउने बसमा यात्रा गर्नुभयो भने सहज हुनेछ किनभने त्यसो गर्दा तुलसिपूरबाट पुनः अर्को लोकल बस चढ्ने झण्झट यहाँहरूले गर्नुपर्ने हुन्न।

### २. आवास तथा खानाको व्यवस्था

सबै सहभागीहरूको लागि २०८० मंसिर १५ गतेको लन्च, उद्घाटन सत्रपछिको हाइटि र डिनर सहितको आवास तथा मंसिर १६ गतेको ब्रेकफास्ट, लन्च, डिनर सहित आवास र मंसिर १७ गतेको ब्रेकफास्टको व्यवस्था गरिएको छ।

आवासका लागि होटल व्यवस्थापनले प्रत्येक सहभागीलाई पुरुष/पुरुष र महिला/महिला गरेर *ट्विन सेयरिङ्ग बेसिस*मा कोठाहरू उपलब्ध गराउने छ। माथि तोकिएभन्दा बाहेकका खाना, खाजा र पेय पदार्थहरूको भुक्तानी सहभागी स्वयंले गर्नुपर्नेछ।

सहभागीहरूको सङ्ख्या धेरै हुने भएकोले सबै प्रतिनिधि/पर्यवेक्षकहरूलाई एउटै होटलमा आवासको व्यवस्था गर्न असम्भव हुने भएकोले आवासको प्रवन्ध फरक फरक होटलमा होटल व्यवस्थापनले व्यवस्था गरेअनुसार हुनेछ। यसमा कसैलाई कुनै होटल र कसैलाई अन्य कुनै होटल पर्न जाने र कुनै होटलको सुविधा अर्को होटलको भन्दा सामान्य तलमाथि हुन सक्ने कुरालाई आत्मसात गरिदिनुहुन र यसै विषयमा अनावश्यक विवाद, आग्रह, गुनासो र तर्क नगरिदिनुहुन सबै सहभागीहरूलाई अग्रिम सविनय अनुरोध गर्दछौं। सकेसम्म राम्रो व्यवस्थापन गर्ने प्रयत्न हुनेछ र यति हुँदा हुँदै पनि केही तलमाथि हुन गएमा र यसबाट यहाँहरूमा असामान्य असुविधा पुग्न गएमा हामी अग्रिम क्षमायाचना गर्दछौं।

साथै होटलबाट रूम चेकआउट गर्दा होटलको चाबी रिसेप्सनमा नबिर्सिकन बुझाउनुहुन अनुरोध गर्दछौं।

## ३. कार्यक्रमस्थल

साधारण सभाको उद्घाटन सत्र र बन्दसत्र **होटल माला इनमा** हुनेछ। अन्य होटलबाट कार्यक्रमस्थल हिँडेर बढिमा ५ देखि १० मिनेटमा पुग्न सकिनेछ।

## ४. सहभागीहरूको नाम दर्ता

एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूह र युथ नेटवर्कका प्रतिनिधि र समर्थक सदस्यहरूलाई प्रतिनिधित्व गरी आउनुहुने प्रतिनिधिहरूको नामदर्ता २०८० मंसिर १५ गते बिहान ९:०० बजेदेखि साँझ ६:०० बजेससम्म मात्र गरिने भएकोले सम्पूर्ण सहभागीहरूले साधारण सभा स्थलमा उपस्थित भई उक्त समयभित्र एम्नेस्टी नेपालले उपलब्ध गराएको परिचय पत्र साथमा लिएर आफ्नो नाम दर्ता गराइसकेको हुनुपर्नेछ। प्रतिनिधिहरूले तोकिएको दर्ता शुल्क उपलब्ध नगराएमा साधारण सभामा सहभागिताका लागि नाम दर्ता गरिने छैन। दर्ताशुल्कसम्बन्धी जानकारीका लागि यस अघि प्रेशित गरिएको सर्कुलर ४ हेर्नुहोला।

नाम दर्ताको लागि सचिवालयको टोली कार्यक्रम स्थलमा बिहान ९:०० बजेदेखि स्टयाण्डबाइ रहने व्यहोरा अनुरोध छ।

## (५) पर्यवेक्षक वा स्वयंसेवकका रूपमा थप सहभागी गराउन नसकिने

साधारण सभामा कुनै पनि समूह वा युथ नेटवर्कबाट तोकिएका प्रतिनिधि, पर्यवेक्षक वा स्वयंसेवकका रूपमा सहभागी हुने तथा नेसनल बोर्डले पर्यवेक्षकका रूपमा आमन्त्रण गरेका र अतिथि सहभागीहरू बाहेक साधारण सभामा अन्य कसैलाई पनि सहभागी गराउन नसकिने व्यहोरा जानकारीका लागि अनुरोध गरिन्छ।

**(६) मदिरापान गरी हुलहुज्जत गर्न तथा अन्य अवाञ्छित गतिविधिहरू गर्न नहुने**

साधारण सभालाई सभामा सहभागी सबैका लागि आ-आफ्नो विचार, भावना र सोच अभिव्यक्त गर्न तथा निर्णयाधिकार प्रयोग गर्न एकदमै "सेफ स्पेस" बनाउनु सभामा सहभागी हुने प्रत्येक व्यक्तिको कर्तव्य हुने भएकोले एकआपसमा सौहार्दपूर्ण, सम्मानित र मर्यादित व्यवहार गर्न तथा कसैमाथि कुनै पनि खालको आपत्तिजनक, प्रतिक्रियात्मक, लाक्षणिक वा सङ्केतात्मक अभिव्यक्ति वा व्यवहार नगर्न अनुरोध छ। दुर्व्यवहारजन्य वा यौनिक हैरानी वा प्रताडना (sexual harassment) जन्य हुन सक्ने कुनै पनि बोली, व्यवहार र आचरण गरेको पाइएमा प्रचलित कानुनबमोजिम हुनेछ। यदि कसैले यस्तो व्यवहार महशुस गर्नुभएमा वा कसैले कसैमाथि यस्तो व्यवहार गरेको देखे, लागे वा पाएमा एम्नेस्टी नेपालको आधारिक इमेल info@amnestynepal.org मा वा सचिवालय वा नेसनल बोर्डलाई लिखित वा मौखिक जानकारी गराउन अनुरोध छ। साथै यसै इमेलसाथ समावेश गरिएको एम्नेस्टी इन्टरनेसनलको यौन दुर्व्यवहारविरुद्धको नीतिलाई गम्भीरताका साथ अध्ययन गर्न अनुरोध गरिन्छ।

**(७) मौसम र हावापानी**

मंसिर महिना भएकोले दाङको मौसम चिसो नै हुनेछ त्यसैले न्यानो कपडा साथै बोक्न हुन अनुरोध गरिन्छ।

**(८) बहुमूल्य सरसामानको आफैं हेरचाह गर्नुपर्ने**

साधारण सभामा सहभागी हुन आउँदा हिरा, सुन र अन्य महङ्गा र बहुमूल्य गरगहना र सरसामान तथा नगद लिएर नआउनुहोला। आफूसँग भएको नगद, मोबाइल, कम्प्युटर, ल्यापटपलगायत सामग्रीको आफैं जतन र हेरचाह गर्नुहोला। कुनै पनि सामान हराएमा वा टुटफुट भएमा स्वयं आफैं जिम्मेवार हुनुपर्नेछ।

**(९) यातायातको भुक्तानीसम्बन्धी व्यवस्था**

एम्नेस्टी नेपालले सहभागीहरूलाई उपलब्ध गराउने यातायात खर्च नेपाल सरकारले तोकेको सार्वजनिक यातायात (बस) भाडाको न्यूनतम दरबमोजिम उपलब्ध गराइने छ। सार्वजनिक यातायात (बस) भन्नाले चलनचल्तीको रुटको सार्वजनिक बस, मिनिबस वा माइक्रोबसलाई बुझिनेछ। यस प्रयोजनका लागि स्थानीय सवारी साधन खर्चहरू जस्तैः ट्याक्सी, रिक्सा, टेम्पो, पठाओ लगायतका भाडा भने उपलब्ध गराइने छैन।